प्रमाणित :-२०८१ कार्तिक २९

# प्रतापपुर गाउँपालिकाको महिला समूह सञ्चालन कार्यविधि, २०८१

**प्रस्तावनाः**

सामुहिक प्रयासबाट महिलाको हित प्रर्वद्धन गर्न, महिलाको सामाजिक तथा आर्थिकविकास, महिलाको आयआर्जनमा वृद्धि गर्न, महिलाहरुको हक, हितको रक्षा गर्न,राज्य संयन्त्र प्रति महिलाहरुको पँहुच स्थापीत गर्न, समग्र महिलाहरुको उत्थान गरीसमतामुलक समाजको निर्माण गर्न महिलाहरु मात्र सदस्य रहने गरी प्रतापपुर गाउँपालिकाका सबै टोलहरु मा एक महिला समूह गठन गरी प्रतापपुर गांउँ कार्यपालिकाको अधिनमा रहने गरीस्थानीय सरकार सञ्चालन ऐन, २०७४ मर्म अनुरुप स्थानीय सेवाको अधिकतम उपयोग गर्न प्रतापपुर गाउँपालिकाले यो कार्यविधि बनाएको छ ।

**१.सक्षिप्त नाम र प्रारम्भः**

(१) यो कार्यविधिको नाम **"प्रतापपुर गाउँपालिकाको महिला समूह सञ्चालन कार्यविधि, २०८१"** रहको छ।

(२) कार्यपालिकाबाट स्विकृत भएको मिति देखि यो कार्यविधि प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "अध्यक्ष"भन्नाले प्रतापपुर गाउँपालिकाको अध्यक्षलाई जनाउँछ।

(ख) "वडाध्यक्ष"भन्नाले प्रतापपुर गाउँपालिकाको वडाध्यक्षलाई जनाउँछ,

(ग) "प्रमुख प्रशासकिय अधिकृत" भन्नाले प्रतापपुर गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृतलाई जनाउँछ ।

(घ) "महिला" भन्नाले प्रतापपुर गाउँपालिकाको २० वर्ष उमेर पुरा भएका ६० वर्ष ननाघेका वयस्क एवं विवाहित महिलालाई जनाउँछ। सो शब्दले एकल महिला समेतलाई जनाउँछ।

(ङ) "गाउँपालिका" भन्नाले प्रतापपुर गाउँपालिकालाई जनाउँछ।

(च) "कार्यपालिका" भन्नाले प्रतापपुर गाउँपालिकाको कार्यपालिकालाई जनाउँछ ।

प्रमाणीकरण
उमेश चन्द्र यादव
अध्यक्ष

## ३. उद्देश्यः

महिला समूह सञ्चालनको मुख्य उद्धेश्य देहाय बमोजिम रहनेछन्।

(क) विभिन्न निकायबाट प्रवाह गरीने सेवामा महिलाको पँहुच अभिवृद्धि गर्न ।

(ख) महिलाहरुलाई आफ्ना हक हित र अधिकारका विषयमा जागरुक गराउने ।

(ग) विभिन्न निकायबाट सञ्चालन हुने विकास क्रियाकलापमा महिलाको सहभागिता सुनिश्चित गर्ने ।

(घ) निर्णय प्रक्रियामा महिलालाई समान अवसर र अधिकार प्रदान गर्ने ।

(ङ) महिला समूहलाई सहभागगिता मुलक योजना तर्जुमा, अनुगमन तथा मुल्याकंनमा सहभागी गराउने ।

(च) सामाजिक विकृती विसङ्गती, कुरीति अन्धविश्वास, लैङ्गिक विभेद, सामाजिक अपहेलना विरुद्ध आवाज उठाउन जागरुक गराउने,

(छ) महिलाको सामाजिक सास्कृतीक आर्थिक, शैक्षिक, लैङ्गिक तथा विविध क्षेत्रमाहुने कमजोर उपस्थितिलाई पुरुष सरह पँहुचयोग्य बनाई समतामुलक समाजको निर्माणमा सहयोग पुर्याउने ।

(ज) महिला अधिकार मैत्री गाउँपालिकाको रुपमा पहिचान स्थापीत गर्ने ।

(झ) महिलामैत्री लक्षित कार्यक्रम तय गर्ने ।

## ४. टोल स्तरीय महिला समूह गठनः

(१) गाउँपालिकाको प्रत्येक टोलमा महिला मात्र रहने गरी सातदेखि २१ सदस्य सहितको एक महिला समूह गठन हुनेछ ।

प्रमाणीकरण
उमेश चन्द्र यादव
अध्यक्ष

(२) उपदफा (१) बमोजिम गठन हुने महिला समूहमा गाउँपालिकाका जनप्रतिनिधि, टोलविकास समितिका पदाधिकारी तथा वडाबासीहरुको भेलाबाट अध्यक्ष तथा सदस्यहरु रहेको एक महिला समूह सञ्चालन समिति गठन हुनेछ ।

(३) उपदफा (२) बमोजिम गठन हुने महिला समूह सञ्चालन समितिका पदाधिकारीहरुले सहमतिका आधारमा प्रत्येक तिन वर्षमा आफू पदाधिकारी रहेको पद हेरफेर गर्न सक्नेछन्।

(४) महिला समूह सञ्चालन समितिले टोल विकास संस्था, वडा समिति तथा गाउँपालिकासँग योजना निर्माण तथा कार्यान्वयन, कार्यक्रम सञ्चालनमा सहजकर्ता तथा समन्वयकारी भूमिका निर्वाह गर्नेछन्।

**५. वडास्तरीय महिला समूह सञ्चालन समिति गठनः**

(१) वडाभित्र प्रत्येक टोल विकास समितिका महिला समूह सञ्चालन समितिको अध्यक्ष रहेको एक वडास्तरीय महिला समूह सञ्चालन समिति रहनेछ ।

(२) उपदफा (१) बमोजिमको महिला समूह सञ्चालन समितीमा सहमतीका आधारमा अध्यक्ष तथा सदस्यहरु रहनेछन्।

(३) उपदफा (१) बमोजिमको समितिको सचिवको रुपमा बिभिन्न टोल मध्येको संयोजकहरु मध्ये एक जना समिति सचिव रहनेछन्।

**६. वडास्तरीय महिला समूह सञ्चालन समितिको काम तथा कर्तव्य**

(१) वडास्तरीय महिला समूह सञ्चालन समितिले देहायका कार्य गर्नेछः

(क) महिलाका सबालहरुका विषयमा वडा समितिलाई आवश्यक सुझाव सल्लाह प्रदान गर्ने,

(ख) महिला हित हुने खालका कार्यक्रम तथा योजनाहरु माग गर्ने तथा विकास निर्माणमा वडा समिति प्रति समन्वयकारी, सहजकारी भूमिका निर्वाह गर्नेछन्।

प्रमाणीकरण
उमेश चन्द्र यादव
अध्यक्ष

(ग) वडाका प्रत्येक टोलहरुमा रहेका सबालहरु, विकृती तथा विसङ्गतीका

विषयहरुमा घनिभूत छलफल गरी निराकंरणका लागि पालिका समक्ष सुझाव तथा सल्लाह दिने,

(घ) टोलमा हुने कुनै पनि प्रकारको आपराधिक घटनाका विषयमा सत्य तथा तथ्यसहित वडा तथा सम्बन्धित निकायमा जानकारी गराउने,

(ङ) सभ्य, सुसस्कृत तथा नमुना टोल निर्माणका लागि उपाय खोजि गरी लागू गर्ने,

**७. गाउँपालिस्तरीय महिला समूह सञ्चालन समिति गठनः**

(१) महिलाको आर्थिक, सामाजिक, लैङ्गिक, सास्कृतीक, मनोवैज्ञानिक एवं समग्रक्षेत्रमा समन्वयकारी भूमिका निर्वाह गर्न एक गाउँपालिकास्तरीय महिला समूहसञ्चालन समिति गठन गरीनेछ । जसमा देहाय बमोजिमका पदाधिकारीहरु

रहनेछन्।

(क) गाउँपालिका अध्यक्षले तोकेको गाउँपालिका भित्रका सदस्य एक जना महिलाः **अध्यक्ष**

(ख) वडास्तरीय महिला समूह सञ्चालन समितिका अध्यक्षः **३ जना सदस्य**

(ग) स्थानीय सहकारीका महिला एक जनाः **सदस्य**

(घ) प्रा.बि./आधारभूत तह/माध्यमिक तहका महिला शिक्षक एक जनाः **सदस्य**

(ङ) विभिन्न राजनितीक दलको प्रतिनिधित्व गर्ने प्रतिनिधि दुइ जनाः **सदस्य**

(च) महिला विकास शाखा प्रमुखः **सदस्य– सचिव**

प्रमाणीकरण
उपेन्द्र चन्द्र खनाल
अध्यक्ष

## ८. गाउँपालिका स्तरीय महिला समूह सञ्चालन समितिको काम र कर्तव्यः

गाउँपालिकामा गठन हुने महिला समूह सञ्चालन समितिले देहायका कार्यहरुगर्नेछन्:

(क) महिला अधिकार, महिलाका विविध सबालहरुका विषयमा उचित नीति तथा रणनीति तय गर्न गाउँपालिकालाई सुझाव तथा सल्लाह दिने,

(ख) नमुना टोलस्तरीय महिला समूह पहिचान गरी पुरस्कृत गर्नका लागि गाउँपालिकालाई सिफारीस गर्ने,

(ग) महिलाहरुमा सचेतना वृद्धि गर्न आवश्यक पर्ने कार्यक्रम तथा योजना तय गरीगाउँपालिकालाई सिफारीस गर्ने,

(घ) महिलालाई सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्यको सुनिश्चितता गर्न गाउँपालिकालाई आवश्यक सुझाव सल्लाह दिने,

(ङ) महिला विरुद्द धार्मिक, सामाजिक, सास्कृतिक परम्परा, प्रचलन वा कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण विरुद्ध आवश्यक पहल गर्ने,

(च) महिला अधिकारमैत्री गाउँपालिका निर्माणमा आवश्यक पहल गर्ने,

(छ) महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी तथा सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्रदान गर्न पहल गर्ने,

## ९. महिला समूह सूचिकृत हुनुपर्नेः

(१) प्रत्येक टोलमा गठन हुने महिला समूह गाउँपालिकाको महिला शाखा मासुचिकृत हुनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम सूचिकृत हुनको लागि महिला समूहले वडाको सिफारीस सहित पेश गर्ने निवेदनको ढाँचा अनुसूची– १बमोजिम हुनेछ ।

प्रमाणीकरण
उमेश चन्द्र यादव
अध्यक्ष

(३) महिला समूह सञ्चालन समितिबाट निर्णय भई दर्ताको लागि निवेदन पेशगरेमा गाउँपालिकाले अनुसूची– २ बमोजिम महिला समूह दर्ता प्रमाणपत्रप्रदान गर्नुपर्नेछ ।

(४) कुनै महिला समूहले यस कार्यविधिको उद्देश्य विपरीत कार्य गरेमा वा प्रचलित कानुन बमोजिम गर्न नहुने कार्य गरेमा गाउँपालिकाले जुन सुकै बखत त्यस्तो समूह खारेज गर्न सक्नेछ । दर्ता खारेज भएपछि सो स्थानमानँया महिला समूह गठन हुनेछ ।

**१०. एक टोल एक महिला समूह हुनेः**

प्रत्येक टोलमा एक भन्दा बढी महिला समूह रहने छैनन्।

**११. पुरस्कृत गर्नेः**

उत्कृष्ट कार्य गरी नमुनाको रुपमा विकास हुने महिला समूहलाई गाउँपालिकाले उपयुक्त अवसरमा पुरस्कृत गर्न सक्नेछ ।

**१२. महिला समूहको कामः**

टोलमा गठन हुने महिला समूहले देहाय बमोजिमको कार्य गर्नेछन्।

(क) प्रतापपुर गाउँपालिकाको प्रभावकारी कार्यान्वयन गर्ने,

(ख) सरकारी तथा गैरसरकारी संस्थाहरुसँगको सुमधुर सम्बन्ध स्थापीत गरीमहिला समूहको उत्थानमा सहजीकरण गर्ने,

(ग) गाउँपालिका तथा वडाबाट सञ्चालित योजनामा सक्रिय सहभागिता जनाउने ।

(घ) एच.आई.भि. एड्स, अन्धविश्वाश, कुरीति, रजस्वला हुँदा अछुत हुने प्रथा, बाल विवाह, बहुविवाह, जस्ता सामाजिक समस्या, विकृती, विसङ्गतीको पहिचानगरी सुधारका प्रयासहरु गर्ने,

(ङ) धुम्रपान तथा मद्यपान निषेध गर्ने, जुवातास, कौडा लगायतका खेलकुदहरु बन्दगरी नमुना गाउँको रुपमा स्थापीत गर्दै लैजाने ।

प्रमाणीकरण
उमेश चन्द्र यादव
अध्यक्ष

(च) टोलमा महिला सचेतनामुलक कार्यक्रम सञ्चालन गरी सभ्य, सुसस्कृत टोलसमाज निर्माणमा सक्रिय भूमिका निर्वाह गर्ने,

(छ) समानतामा आधारीत पँहुच, समतामुलक समाज निर्माणमा जोड दिई महिलाअधिकारका विषयहरुप्रति सचेत एवं चनाखो हुने,

(ज)आफ्नो रितिरिवाज, संस्कृतीको प्रदर्शन मार्फत आन्तरीक तथा वाह्य पर्यटन प्रवर्द्धनमा सहयोग पर्याउने,

**१३. नाम जुराउनुपर्नेः**

(१) यस कार्यविधि बमोजिम गठन हुने टोल विकासस्तरीय महिला समूहको नाम सोही महिला समूहको निर्णय अनुसार जुराउनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम जुराइएको महिला समूहको नाम गाउँपालिकाको महिला शाखामा दर्ता गर्ने क्रममा दर्ता भईसकेका अन्य महिला समूहको नामसँग बाझिएमा वा एउटै पर्न गएमा दर्ता हुन आएको नँया महिलासमूहले पुनः निर्णय गरी एउटै नाम नपर्ने गरी अर्को नाम जुराई दर्तागराउनुपर्नेछ ।

**१४. विविधः**

(१) यो कार्यविधि प्रचलित संघ, प्रदेश तथा प्रतापपुर गाउँपालिकाले बनाएको कानुनसँग बाझिएमा बाझिएको हदसम्म बाझिएका बुँदाहरु स्वतः खारेजहुनेछन्।

(२) यो कार्यविधि कायान्वयनमा कुनै बाधा उत्पन्न भएमा गाउँपालिकाको कार्यपालिकाको निर्णय अनुसार अध्यक्षबाट बाधा अड्काउ फुकाउ गरिनेछ ।

प्रमाणीकरण
उमेश चन्द्र यादव
अध्यक्ष

अनुसूची १

(दफा ९ को उपदफा २ सँग सम्बन्धित)

## महिला समूहलाई गाउँपालिकामा दर्ता गर्ने निवेदनको ढाँचा

मितिः

श्री प्रमुख प्रशासकिय अधिकृतज्यू,
प्रतापपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,
बेलाटारी, नवलपरासी(ब.सु.प) ।

**विषयः महिला समूह दर्ता गरि पाउँ ।**

महोदय,

प्रस्तुत विषयमा यस प्रतापपुर गाउँपालिका वडा नं. ........को ...................................टोलमा गठन गरिएको तपसिल बमोजिमपदाधिकारीहरु रहेको .................. .............. महिला समूहलाई यसगाउँपालिका कार्यालयमा दर्ता/सूचीकृत गरी महिला समूह प्रमाण उपलब्धगराइदिनुहुन अनुरोध छ ।

तपसिलः

| क्र.स. | नाम | पद | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

(नोटः महिला समूह दर्ता गर्न आवश्यक कागजातहरुः भेलाको निर्णय, वडासिफारीस, , महिला समूहलाईगाउँपालिकामा दर्ता गर्ने निवेदन)

प्रमाणीकरण
उमेश चन्द्र यादव
अध्यक्ष

निवेदकः
अध्यक्षको नाम
महिला समूहको नाम
ठेगानाः

अनुसूची २

(दफा ९ को उपदफा ३ सँग सम्बन्धित)

महिला समूहको दर्ता प्रमाणपत्रको ढाँचा

प्रतापपुर गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

बेलाटारी, नवलपरासी(ब.सु.प)

दर्ता नं.

मितिः

**प्रमाणपत्र**

प्रतापपुर गाउँपालिका वडा नं. ......स्थित ................................ टोलमा गठन भएको ................................ महिला समूहलाई यस कार्यालयमा मिति ....................... मा दर्ता गरी यो प्रमाणपत्र प्रदान गरिएको छ। यस गाउँपालिकाका महिलाहरुको हित प्रवद्र्धन गर्ने, महिला शसक्तिकरण गर्ने, विकास निर्माणमा महिलाको सहभागिता गराउने, सामाजिक विकृती, विसङ्गतीका विरुद्ध आवाज उठाउने तथा महिलालाई सक्रिय र जागरुक गराउने पक्षमा यस महिला समूहको उल्लेखनीय भूमिका हुने अपेक्षाका साथ उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछु ।

प्रमाणीकरण
उमेश चन्द्र यादव
अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत